म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १११ सोमबार, १३ मंसिर २०७८ दशमी ने. सं. ११४२ कछलाथा 29 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हिंसामुक्त घर, सुखी परिवार
समृद्ध समाजको बलियो आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### नेपाली काँग्रेस बागमती प्रदेश अधिवेशन

# सभापति बन्ने दौडमा बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली काँग्रेसको १४ औं महाधिवेशन अन्तर्गत आगामी मंसिर १६ र १७ गते हेटौंडामा हुन गइरहेको बागमती प्रदेश समितिको अधिवेशनमा सभापतिमा दाबी गर्दै आएका नेता इन्द्रबहादुर बानियाँ सभापति बन्ने दौडमा जुटेका छन् ।



काँग्रेस मकवानपुर सभापति बानियाँ हाल बागमती प्रदेश संसदीय दलका नेतासमेत हुन् । संघीयताको अभ्यासपछि काँग्रेसको विधानअनुसार पहिलो पटक हुन लागेको प्रादेशिक अधिवेशनबाट बानियाँ आफु सभापति बन्ने सर्वसम्मतको बाटो खोज्दै छन् । उनी त्यसअनुरुप केन्द्रीय नेता कहाँ धाइरहेका छन् ।

बागमती प्रदेशमा सभापति बन्ने दौडमा मकवानपुरका सभापति बानियाँ, काठमाडौं काँग्रेसका पूर्वसभापतिसमेत रहेका पूर्व रक्षामन्त्री भीमसेनदास प्रधानदेखि नुवाकोटका बर्तमान सभापति जगदीशनरसिंह केसी, काभ्रे सभापति मधु आचार्य र नेता मोहन बस्नेतसम्मको नाम चर्चामा छ ।

बानियाँ सभापति शेर बहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्व महामन्त्री प्रकाशमान सिंह, नेता कृष्ण सिटौला लगायतका शिर्ष नेतृत्वसहितको सहमति जुटाएर सर्वसम्मत सभापति बन्ने तयारीमा जुटेको उनी निकट एक नेताले बताए । बानियाँले औपचारिक रुपमा उम्मेदवारीको घोषणा गरि सकेका भने छैनन् । तर, सर्वसहमति नजुटे पनि निर्वाचन प्रक्रियामा जाने गरी बानियाँले आन्तरिक तयारी गरिसकेको ती नेताले बताए । बानियाँलाई संस्थापन र इतर समूह दुबैको सहयोग रहने दावी गरिएको छ ।

मकवानपुरमा २०७० सालको संविधानसभा निर्वाचनमा कम्युनिष्टको किल्ला तोड्दै संविधान सभा सदस्यमा मकवानपुर क्षेत्र नम्बर १ बाट निर्वाचित भएका थिए । त्यसयता उनको छवि दर्बिलो बन्दै गएको थियो । कार्यकर्ताको कुशल संरक्षकका साथै विकासको नेतृत्व-कर्ताको रुपमा चिनिएका बानियाँ २०७४ सालमा मकवानपुर संघीय क्षेत्र २ को ख बाट प्रत्यक्षतर्फ बागमती प्रदेशसभा सदस्य निर्वाचित भए ।

कांग्रेसबाट निर्वाचित २२ सदस्य सांसद रहेको प्रदेशसभामा बानियाँ सर्वसम्मत रुपमा नेपाली कांग्रेस प्रदेश संसदीय दलका नेता चुनिए । तत्कालीन बहुमत प्राप्त नेकपा एमाले नेतृत्वको प्रदेश सरकार हुँदा बलियो प्रमुख प्रतिपक्ष र सशक्त प्रतिपक्षी दलको रुपमा नेपाली कांग्रेसलाई उभ्याउन बानियाँले योगदान गरेको उनी निकट नेताहरु बताउँछन् ।

२०४४ सालदेखि राजनीतिमा होमिएका बानियाँ नेपाल विद्यार्थी संघ, तरुण दल, महाधिवेशन प्रतिनिधि, महासमिति सदस्यको समेत अनुभव हासिल गर्दै २०७३ सालमा कांग्रेस मकवानपुरका सभापति भएका थिए । उनले २०७४ सालमा संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन राज्यमन्त्री र गृह राज्यमन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन् ।

सभापतिका अर्का दाबेदार प्रधान नेता कृष्णप्रसाद सिटौला निकट हुन् । तर, प्रधान निकट एक नेताका अनुसार देशैभरि सिटौला समूहले सभापति शेरबहादुर देउवा पक्षसँग गठबन्धन गर्ने समझदारी बनेको बताए । 'मैले प्रदेश सभापतिमा उम्मेदवारी दिने निर्णय गरेको छु । म सबै नेताहरुसँग नजिक भएर काम गर्न चाहने मान्छे हुँ, अहिले मलाई नेता कृष्ण सिटौलाले समर्थन गर्नुभएको छ, अरु नेताहरूले पनि सहर्थन गर्नुहुन्छ र प्रदेशका साथीहरूले प्रदेश सभापतिमा चुन्नुहुन्छ भन्ने विश्वास छ,' प्रधानले भने ।

प्रधान १२ औं महाधिवेशनमा काठमाडौं जिल्ला सभापति बनेका उनी १३ औं महाधिवेशनमा भने पराजित भए । २०३३ सालबाट राजनीतिमा सक्रिय उनी हाल काठमाडौं क्षेत्र नं. ६ बाट प्रतिनिधिसभाका सदस्य छन् । उनी प्राध्यापक संघका सभापति र रक्षामन्त्रीसमेत भइसकेका छन् । प्रधानले आफ्नो टिमबाट को-को उम्मेदवार रहने भन्नेबारे भने खुलाएका छैनन् । 'सभापतिमा मैले उम्मेदवारी दिन्छु । अन्य पदका विषयमा गठबन्धन पनि हुनसक्छ । त्यसबारे अहिले छलफल भइरहेको छ,' उनले भने ।

मधु आचार्य हाल कांग्रेस काभ्रेको सभापति छन् । उनी २०५७ देखि २०६२ सम्म पहिलो पटक जिल्ला सभापति बनेका थिए भने सभापति बनेका थिए । त्यसअघि उनी २०४८ मा पहिलो पटक काभ्रेमा क्षेत्रीय दोसो पटक २०७२ मा सभापतिसमेत बनेका थिए । २०५१ सालमा जिल्ला कार्यसमितिमा रहँदा उनले त्यस बखत भनिने गरिएको संगठन मन्त्रीको जिम्मेवारी पनि पाएका थिए ।

यस्तै १२ औ महाधिवेशन पछि नेता रामचन्द्र पौडेल कांग्रेस उपसभापति हुँदा आचार्य कांग्रेसको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकसमेत बनेका थिए । उनी कांग्रेसभित्र इतर समूहसँग निकट छन् । मोहन बस्नेत सिन्धुपाल्चोक बाट प्रतिनिधित्व गर्छन्। उनी यसअघिका निर्वाचित सांसद् हुन् । उनी सञ्चारमन्त्रीसमेत भए । त्यसपछि उनी नेपाली कांग्रेसको खेलकुद विभाग प्रमुख भएर पनि काम गरिरहेका छन् । उनलाई हक्की स्वभावका नेताका रुपमा विश्लेषण गरिन्छ ।

## हेरोइनसहित दुई जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले लागूऔषध खैरो हेरोइनसहित दुई जनालाई पक्राउ गरेको छ ।

प्रहरीले हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५ स्थित रातामाटे चेक प्वाइन्टबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ ८ ग्रामसहित दुई जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए ।

पक्राउ पर्नेहरुमा चितवनको राप्ती नगरपालिका-७ बीरेन्द्रनगर बस्ने ४२ वर्षीय तेजबहादुर गुरुङ र सोही नगर पालिका वडा नम्बर ४ खुरखुरे बस्ने २९ वर्षीय अनमोल लामा रहेका छन् । उनीहरुलाई शनिबार विशेष सूचनाको आधारमा हेटौंडा-१५ चेकप्वाइन्टमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको प्रहरी नायव उपरीक्षक रिमालले बताए ।

सिमराबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००२ प १९०२ नम्बरको मोटर साइकलाई रोकी चेकजाँच गर्ने क्रममा चालक गुरुङ र सवार लामाले लुकाई छिपाइ ल्याएको सो परिणामको पदार्थ बरामद भएपछि निजहरुलाई पक्राउ गरेको हो । पक्राउ गरेका उनीमाथि माथि आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको जनाइएको छ ।

# अजेय सुमार्गीको टेलिकम कम्पनीको अनुमति खारेज

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडेली चर्चित उद्योगी/व्यवसायी अजेय सुमार्गीको नेपाल स्याटेलाइट प्रालि (हेलो नेपाल)लाई संघीय सरकारले दिएको अनुमतिपत्र खारेज भएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरण सञ्चालक समितिको बैठकले बक्यौता रकम भुक्तानी नगरेको भन्दै हेलो नेपाललाई दिइएको अनुमतिपत्र खारेज गर्ने निर्णय गरेको हो । असार मसान्तसम्म तोकिएको बक्यौता रकम भुक्तानी नगरेपछि गत कात्तिक ५ गते बसेको बोर्ड बैठकले हेलो नेपालसँग भुक्तानीको विषयमा जानकारी माग गर्ने निर्णय गरेको थियो ।

बोर्डको निर्णयानुसार प्राधिकरणले १५ दिनभित्र जवाफ दिने गरी कात्तिक १२ गते कम्पनीसँग स्पष्टीकरण सोधेको थियो । कात्तिक २२ गते हेलो नेपालले जवाफ पठाउँदै मन्त्रिपरिषद्बाट निर्धारित किस्ता र कम तिर्न थप समय माग गरेको भन्दै प्राधिकरणले पुन: अनुमतिपत्र खारेजीको निर्णय गर्न नसक्ने स्पष्टीकरण पेस गरेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए ।

कम्पनीले प्राधिकरणलाई फ्रिक्वेन्सी शुल्क, रोयल्टी, ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने रकम, लाइसेन्स नवीकरण शुल्कबापत बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेको छ । यसअघि २०७६ को साउनमा प्राधिकरण सञ्चालक समितिले स्याटेलाइट कम्पनीको लाइसेन्स रद्दको निर्णय गरेको थियो । नेपाल दूरसञ्चार ऐनमा प्राधिकरणले लाइसेन्स रद्द गरेपछि ३५ दिनभित्र मन्त्रिपरिषद्मा पुनरावलोकनका लागि निवेदन दिन सकिने प्रावधान छ । सोही प्रावधानलाई टेकेर सो कम्पनीले पुनरावलोकनका लागि निवेदन दिएको थियो ।



पौडेलका अनुसार कम्पनीले पठाएको पत्रको चित्तबुझ्दो जवाफ नआएपछि २०७६ को पुसमा मन्त्रिपरिषद्ले गरेको निर्णयलाई आधार बनाएर शुक्रबारदेखि नै लागू हुने गरी अनुमतिपत्र खारेजीको निर्णय गरिएको हो । बोर्डले दूरसञ्चार ऐन २०५३ को दफा २८ को उपदफा ९३० बमोजिम शुक्रबारदेखि नै लागू हुने गरी अनुमतिपत्र खारेज गर्ने निर्णय भएको जनाएको छ ।

कम्पनीले दिएको पुनरावलोकन निवेदनमाथि छलफल गर्दै २०७६ पुस २१ मा बसेको मन्त्रि-परिषद् बैठकले चालु आर्थिक वर्षमा पहिलो किस्ता तिर्ने र पाँच वर्षभित्र सबै रकम चुक्ता गर्ने गरी किस्तामा तिर्ने सुविधा दिने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को बैठकले प्राधिकरणमा बुझाउनुपर्ने बक्यौता रकम ५ वर्षभित्र पाँच किस्तास्वरुप भुक्तानी गर्नुपर्ने र तोकिएको समयमा भुक्तानी नभए स्वत: रुपमा लाइसेन्स रद्दको प्रक्रियामा जाने गरी निर्णय गरेको थियो ।

मन्त्रिपरिषद् बैठकको निर्णयानुसार प्राधिकरणले नेपाल स्याटेलाइट प्रालिलाई पाँच वर्षमा किस्तामा एक अर्ब ३८ करोड ७२ लाख ५३ हजार बक्यौता रकम भुक्तानीको समय दिएको थियो । जसअनुसार कम्पनीले पहिलो किस्ता स्वरुप २०७७ को असार मसान्तमा २१ करोड ५१ लाख पहिलो किस्ता बुझाइसकेको छ । यस्तै, कम्पनीले दोस्रो वर्ष अर्थात् २०७८ को असार मसान्तसम्म ३३ करोड ९८ लाख, तेस्रो वर्ष तीस करोड ८६ लाख, चौथो वर्ष २७ करोड ७४ लाख र पाँचौं वर्ष २४ करोड ६३ लाख भुक्तानी गर्ने गरी समय दिएको थियो ।

प्राधिकरणले यसअघि नै मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयानुसार तोकिएको समयमा बक्यौता रकम भुक्तानी नगर्दा समय थप गर्न नमिल्ने भएपछि अनुमतिपत्र नै खारेज गर्ने निर्णय गरिएको जनाएको छ ।

# बागमतीका ६७ प्रतिशतले पाए कोरोनाविरुद्धको खोप

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका ६७ प्रतिशत नागरिकले कोरोना भाइरसविरुद्धको पूर्ण खोप पाएका छन् ।

हेटौंडास्थित स्वास्थ्य मन्त्रालय बागमती प्रदेशको तथ्यांक अनुसार करिब साढे २८ लाख नागरिकले कोरोना भाइरसविरुद्धको विभिन्न प्रकारका खोपको पूरा डोज पाएका हुन् । हालसम्म १८ वर्षमाथिका ६७ प्रतिशत अर्थात २८ लाख ४० हजार ६ सय ८५ नागरिकले कोरोनाविरुद्धको पूरा डोज खोप पाएका छन् ।

१८ बर्ष माथिका खोप लगाउनुपर्ने १४ प्रतिशतले अझै पनि खोप लगाएका छैनन् । प्रदेशका १३ जिल्लामा १८ बर्ष माथिका ८ लाख २२ हजार ७ सय २ जनाले अझै पनि कोरोनाविरुद्धको कुनै पनि डोज नलगाएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले लक्षित बर्गका सबैलाई खोप लगाउन उत्प्रेरित गरिरहेको र यसका लागि मन्त्रालय अन्तरगतका सबै स्वास्थ्य संस्थालाई परिचालित हुन निर्देशन दिएको स्वास्थ्य मन्त्री निमा लामाले बताए ।

बागमती प्रदेशका १३ जिल्लाका नागरिकलाई कोरोना-विरुद्धको भेरोसेल, कोभिसिल्ड र जोनसनको खोप लगाइएको छ । प्रदेशमा पहिलो मात्रा खोप लगाउनेको संख्या १४ प्रतिशत रहेको छ । प्रदेशका ५ लाख ९५ हजार २० जनाले भेरोसेल, कोभिसिल्ड वा फाइजरमध्ये कुनै एक खोप पहिलो डोज खोप लगाएको मन्त्रालयका प्रवक्ता बसन्त अधिकारीले जानकारी दिए ।

खोपको पहुँच बाहिर रहेका १८ बर्ष माथिका नागरिकलाई खोप लगाउने वातावरण निर्माण गर्न सबै जिल्लाका स्वास्थ्य इकाई, जनप्रतिनिधि र नागरिक समाजले समन्वय गर्नुपर्नेमा मन्त्री लामाले जोड दिए । सबैलाई खोप सुनिश्चित गर्न मन्त्रालय तत्पर रहेको भन्दै कुनै कारणबश छुटेकाहरुलाई खोप अभियानमा सहभागी गराउन उनले आग्रहसमेत गरेका छन् ।

## तरुणद्वारा आर्थिक सहयोग

हेटौंडा/नेपाल तरुण दल हेटौंडा-६ नम्बर इकाइ समितिले आर्थिक सहयोग प्रदान गरेको छ ।

तरुण हेटौंडा-६ का कालीपोखरीका कमल सापकोटाको परिवारलाई ५ हजार आर्थिक सहयोग गरेको नेपाल तरुण दल हेटौंडा-६ का अध्यक्ष कमल कोइरालाले बताए । सापकोटाको पिता रामहरि सापकोटाको हालै निधन भएको र आर्थिक अवस्था पनि अत्यन्तै कमजोर भएका कारण आर्थिक सहयोग गरिएको अध्यक्ष कोइरालाले बताए ।


चितवन मेडिकल कलेज, CMC भरतपुरका
वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ
डा. प्रकृति सिटैला
अब हेटौंडा सिटी हस्पिटलमा
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तैः-
- पाठेघर तथा तल्लो पेटको समस्याहरु - महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने - स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।
थप जानकारीको लागि
हेटौंडा सिटी हस्पिटल प्रा.लि.
फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।

आकर्षक घडेरीहरु विक्रीमा
हेटौंडा उपमहानगरपालिका वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरु सुपथ मुल्यमा विक्री वितरण हुदैंछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६ ९८०२९१४११६
९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९




Horizon Auto Pvt. Ltd.
Hetauda-10, TCN Road
057-522498, 9801305439, 980136846

साझाकुरा

## हाम्रो कुरा

# एमाले भित्रको भीडन्त

चतवनको सौराहमा नेकपा एमालेको १० औं महाधिवेशन आज सकिँदै छ । शुक्रबारबाट सुरु भएको महाधिवेशन नयाँ नेतृत्व चयनसँग आज सकिने छ । महाधिवेशनले नयाँ कार्यसमितिमा १ अध्यक्ष, १ बरिष्ठ उपाध्यक्ष, ६ उपाध्यक्ष, १ महासचिव, ३ उपमहासचिव, ७ सचिव, ३ सय १ केन्द्रीय सदस्य र ९९ जना पोलिटब्यूरो सदस्य चयन गर्नेछ । मकवानपुरका दुई नेता केन्द्रीय सदस्यको आकांक्षी छन् । संविधानसभा सदस्य अनन्त पौडेल र तत्कालीन जिल्ला विकास समिति सभापति रामेश्वर राना केन्द्रीय सदस्यको दाबेदारका रुपमा प्रस्तुत भएका छन् । यसअघि मकवानपुरका ७ जना एमाले नेता केन्द्रीय सदस्यको दाबेदार देखिएपनि जुनेली श्रेष्ठ, कृष्ण प्रसाद दाहाल, रामचन्द्र राई, सुभाष चन्द्र ठकुरी र रघुनाथ खुलाल पछि हटेपनि पौडेल र राना भने, केन्द्रीय सदस्यका लागि चुनावी मैदानमा भिड्न कस्सिएका छन् । बागमती प्रदेशबाट मकवानपुरका पौडेल र रानासहित ४९ जना केन्द्रीय सदस्यको मैदानमा छन् ।

१३ जिल्लामा समेटिएको बागमतीबाट ४९ जना केन्द्रीय सदस्यको दाबेदार देखिनु धेरै भएको नेताहरुको भनाइ छ । जनामा अरुण नेपाल, शेरबहादुर तामाङ, आनन्दप्रसाद पोखरेल, पार्वत गुरुङ, ईश्वरी रिजाल, गोकुल बाँस्कोटा, महेश बस्नेत, गणेश पहाडी, सरिता न्यौपाने, सुभाष कर्माचार्य, सरेश नेपाल, हरिकृष्ण व्यञ्जनकार, कृष्ण राई, कृष्णभक्त पोखरेल, कोमल भट्टराई, पार्वती रावल, केशव देवकोटा, सरस्वती बस्नेत, रचना खड्का, शान्ति तामाङ, कैलाश ढुंगेल, रत्न गौतम केन्द्रीय सदस्यको उम्मेदवार बन्ने तयारीमा छन् । यसैगरी, गीता कार्की, कालिका पाठक, ईश्वरचन्द्र पोखरेल, भूमि त्रिपाठी, माधव अर्याल, जगन्नाथ थपलिया, काशीनाथ अधिकारी, हरि सापकोटा, पुरुषोत्तम न्यौपाने, विजय सुवेदी, नारायण वन, बाबुराम खरेल, प्रभा बराल, भक्तकुमारी लामा, जनार्दन ढकाल, केशवराज पाण्डे, नारायण खतिवडा, माधव ढुंगेल, रमेश पौडेल, उषा- किरण तिमल्सिना, निर्मल कुइँकेल, निर्मल भट्टराई, किरण पौडेललगायत छन् । बागमतीबाटै गोकुल बाँस्कोटा र महेश बस्नेतले सचिवमा पनि दाबी गरेका छन् । त्यस्तै, बागमती बाटै डबल पाण्डेले केन्द्रीय अनुशासन आयोगमा उम्मेदवारी दर्ता गर्ने तयारी गरेका छन् ।

सात प्रदेश, गैरभौगोलिक प्रदेश, जनसंगठन र प्रवासमा समेत काम गरिसकेका पुराना केन्द्रीय सदस्य तथा नयाँ आकांक्षीले उम्मेदवारी दर्ता गराउने तयारी गरेका छन् । अध्यक्ष केपी शर्मा ओली आफु अनुकुलको एमाले बनाउने कोशिस गर्दा लोकतान्त्रिक पद्धती मिचिएको भन्दै एमाले भित्र अर्को भीडन्त सुरु हुने देखिएको छ । ओलीविरुद्ध भीम रावलले आफ्नो अडान कायम राख्दै अध्यक्षमा उम्मेदवारी दिइसकेका छन् । ओली पक्ष भने सहमतीमै टुंग्याउने पक्षमा अडिग छ । उता बरिष्ठ उपाध्यक्ष इश्वर पोखरेललाई बनाउन ओलीले 'कार्ड'हरु फ्यालीरहेका छन् । तर, ओलीको कार्डलाई लत्याउँदै सुवास नेम्वाङ पोखरेलविरुद्ध चुनावी मैदानमा उत्रन कम्मर कसेर लागेका छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर १४ गते मंगलबार ३० नोभेम्बर २०२१ । मार्ग कृष्ण एकादशी । कछलागा एकादशी ११४१ । सूर्योदय ६:३६ र सूर्यास्त ५:०८ मा हुनेछ । उत्पतिका एकादशी व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आफन्तजन भेट | तुला | : अध्ययनमा बाधा |
| वृष | : भित्रजन भेट | वृश्चिक | : धन प्राप्ति |
| मिथुन | : प्रेममा सफलता | धनु | : शत्रुबाट मुक्त |
| कर्कट | : शुभ कार्यको थालनी | मकर | : धन नष्ट |
| सिंह | : सुख प्राप्ति | कुम्भ | : मिष्ठान्न भोजन |
| कन्या | : यात्राको योग | मीन | : आलश्यता |

# अर्थतन्त्र अप्ठ्यारो परिस्थितिमा



केशव आचार्य



पेट्रोलियम पदार्थ जतिसुकै कम खपत गर्ने भने पनि अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्यले गर्दा नेपालबाट ठूलो सञ्चिति बाहिरिरहेको छ । केही वर्षयता नेपालको अर्थतन्त्र अप्ठ्यारो परिस्थितिबाट गुज्रिरहेको छ । अर्थतन्त्रका प्राय:सबै सूचकहरू नकारात्मक बन्दै गइरहेका छन् । व्यापारघाटा दिनानुदिन उच्च गतिले बढिरहेको छ, जसका कारण शोधनान्तर निरन्तर घाटामा गइरहेको छ ।

यसलाई टेवा पु-याउने रेमिट्यान्सको वृद्धिदर घट्दै गएकाले शोधनान्तर स्थितिमा चाप पर्दै गयो भने पेट्रोलियम पदार्थमा लगातार भएको मूल्यवृद्धिले मुद्रास्फीति सृजना हुँदा आमसर्वसाधारणको एकपेट खाने, पाउने मौलिक हकमा अंकुश लाग्ने वातावरण बन्दै गएको छ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य दुई साताको अन्तरालमै बढाएकाले विदेशी मुद्रा सञ्चितिमा चाप परेसँगै ढुवानी महँगिने र सम्पूर्ण वस्तु तथा सेवाको मूल्यमा वृद्धि हुन्छ । पेट्रोलियम पदार्थ जतिसुकै कम खपत गर्ने भने पनि अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्यले गर्दा नेपालबाट ठूलो सञ्चिति बाहिरिरहेको छ ।

पछिल्ला वर्षहरूका आयातको तुलनामा निर्यात धेरै नै न्यून बनिरहेको छ । यसले व्यापारघाटालाई चुल्याइरहेको र विदेशी मुद्रा सञ्चितिमा ह्रास पुर्‍याउँदै गएको छ । चालू आर्थिक वर्षको तीन महिनामा आयात ६३.७३ प्रतिशतले वृद्धि भएको छ, जसको कारण व्यापार घाटा ४ खर्ब १३ अर्ब ४७ करोड रुपैयाँ पुगेको छ । गत वर्ष समीक्षा अवधिमा २ खर्ब ९२ अर्ब २६ करोड हाराहारीको आयात भएको थियो । यसपटक ४ खर्ब ७८ अर्ब ५२ करोड रुपैयाँको आयात भएको भन्सार विभागको तथ्यांक छ । निर्यात भने ६५ अर्ब ५ करोड २८ लाख रुपैयाँ हाराहारी मात्रै छ । गत वर्षको ३१ अर्ब ४ करोड ६० लाखको तुलनामा भने सुधार भएको छ । मुलुक भित्रिनेभन्दा बाहिरिने विदेशी मुद्रा बढ्दा र रेमिट्यान्स वृद्धिदर घट्दै गएकाले शोधनान्तर निरन्तर घाटामा छ ।

आयातित वस्तुको भुक्तानी विदेशी मुद्रामा गर्नुपर्दा विदेशी मुद्रा सञ्चिति १२ खर्बमा सीमित छ । यसले ७-८ महिना मात्रै वस्तु तथा सेवाको आयात धान्न सक्ने राष्ट्र बैंकले बताइरहेको छ । जबकि गत वर्ष यही अवधिमा मुद्रा सञ्चिति १४ खर्ब थियो । त्यसले १४-१५ महिना आयात धान्न सक्थ्यो । समीक्षा अवधिमा व्यापारघाटा ५८.२८ प्रतिशतले वृद्धि भई ४ खर्ब १३ अर्ब ४७ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा २ खर्ब ६१ अर्ब रुपैयाँबराबरको व्यापारघाटा थियो । पुँजीगत खर्च एक त कमी छ, त्यसमा पनि सुस्त छ । वाणिज्य बैंकहरूको क्षणिक चुरीफुरी मात्र हो, दीर्घकालीन प्रभाव विश्लेषण गरी ऋण प्रवाह गर्न सक्ने अवस्थामा छैनन् । अहिलेको अवस्थालाई हेर्दा अर्थतन्त्र पहिलाको भन्दा अप्ठ्यारो अवस्थामा जान थालेको यसका मापकहरूले बताइरहेका छन् । अर्थतन्त्र यसअघिको वर्षजस्तो सामान्य अवस्थामा छैन । आयात उच्च, विदेशी ऋण तथा अनुदान नभएको र रेमिट्यान्स पनि अपेक्षाअनुसार बढ्न नसक्दा शोधनान्तर स्थिति चापमा पर्नुले अर्थतन्त्रमा चुनौती थप्दै लगेको छ ।

चालू वर्ष यही अवधिमा करिब ७७ अर्ब रुपैयाँले घाटामा रहेको शोधनान्तर गत वर्ष असोजमा १ खर्ब १ अर्ब ९ करोडले बचतमा थियो । अब पनि शोधनान्तर एकोहोरो घाटामा गइरहने हो भने विदेशी मुद्रा सञ्चितिमा आउन सक्ने दबाबलाई रोक्न गाह्रो पर्ने राष्ट्र बैंक स्रोत बताउँछ । बैंकहरूले प्रवाह गर्ने अधिकांश कर्जा आयातमै गई विदेशी मुद्रा भित्रिनेभन्दा बढी बाहिरिएकाले शोधनान्तर स्थितिमा दबाब बढेको हो, यो अझ बढ्न सक्ने प्रक्षेपण छ ।

चालू आवको तीन महिनामा रेमिट्यान्स आप्रवाह ७.७५ प्रतिशतले कमी आई २ खर्ब ३८ अर्ब रुपैयाँमा सीमित बनेको छ । गत वर्ष यही अवधिमा २ खर्ब ५८ अर्ब ८६ करोड रहेको थियो । रेमिट्यान्स अपेक्षाअनुरूप नहुनुमा वैदेशिक रोजगारीमा गएकाहरूको लगानी क्रिप्टो करेन्सीजस्ता क्षेत्रमा गएको हो कि भन्ने आशंका गरिएको छ । सरकारले समयमा पुँजीगत खर्च गर्न सकेको छैन । महालेखा नियन्त्रक कार्यालयका अनुसार कात्तिक २६ गतेसम्म चालू खर्च २ खर्ब २५ अर्ब ७४ करोड र पुँजीगत खर्च २० अर्ब ४६ करोड छ ।

वित्तीय व्यवस्थाअन्तर्गतको खर्च ३३ अर्ब २३ करोड गरी २ खर्ब ७९ अर्ब ४४ करोड हाराहारी खर्च भएको छ । चालू खर्चको तुलनामा पुँजीगत खर्च न्यून गतिमा भएको छ । यस अवधिसम्म सरकारले २२.४९ प्रतिशत हाराहारी चालू खर्च गर्दा विकास खर्च ४.६५ प्रतिशत मात्रै भएको छ । समयमा विकास खर्च हुन नसक्दा पनि बैंकिङ प्रणालीमा तरलता अभाव भएको बैंकरहरू गुनासो गरिरहेका छन् ।

आर्थिक विकासलाई अगाडि बढाउन पुँजीगत खर्च बढाउनैपर्ने हुन्छ । विकास खर्च बढाउन संरचनागत परिवर्तन गर्ने भनियो, तर गरिएन । हरेक वर्ष नयाँ मन्त्रीहरू आउने, अनुगमन समिति बनाउने छलफल गर्ने तर यसले समयमा विकास खर्च भने गरेन । समीक्षा अवधिमा राजस्व भने राम्रै उठेको पाइन्छ । कात्तिक २६ गतेसम्म सरकारको कर राजस्व २ खर्ब ९४ अर्ब ३६ करोड र गैरकर राजस्व २८ अर्ब ५७ करोड ३० लाख गरी कुल ३ खर्ब २२ अर्ब ९४ करोड परिचालन भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । सरकारले चालू आवमा ११ खर्ब ८० अर्ब ६० करोड ४० लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएको छ ।

हालसम्म लक्ष्यको २७.३५ प्रतिशत राजस्वबापत आम्दानी गरेको छ । राष्ट्र बैंकले चालू आर्थिक वर्ष कर्जा वृद्धिदर १९ प्रतिशतसम्मको लक्ष्य राखेको छ । तर, अहिले नै निक्षेप संकलनको तुलनामा कर्जाको वृद्धि अधिक छ । राष्ट्र बैंकले वाणिज्य बैंकहरूको कर्जा निक्षेप अनुपात ९० प्रतिशत तोकेकोमा सीमा नाघिसक्यो । २७ बैंकले कात्तिक २६ गतेसम्म ४० खर्ब २८ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन् निक्षेप संकलन ४२ खर्ब २३ अर्ब रुपैयाँ पुर्‍याएका छन् ।

पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिले ढुवानी महँगिने र सम्पूर्ण वस्तु तथा सेवामा जोडिँदा मूल्य वृद्धि हुन्छ । पेट्रोलियम पदार्थ जतिसुकै कम खपत गर्ने भने पनि अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्यले आयातको मूल्य बढाउने गर्छ । यसरी पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले अन्य वस्तुको मूल्यमा पनि चाप पार्दै लैजान्छ । चालू आवमा मूल्य वृद्धि साढे ६ प्रतिशतमा सीमित राख्ने सरकारको लक्ष्य छ । तर, यो चुनौतीपूर्ण बन्दै गएको छ । समग्र मूल्यवृद्धि गत भदौसम्म ३.४९ प्रतिशतमा सीमित थियो ।

अहिले बाह्य वित्तीय सन्तुलनमा केही दबाब पर्दै गइरहेको छ । वास्तवमा यहाँ बैंकको कर्जालाई उत्पादनसँग जोड्न सकिएको छैन । आयातित वस्तु त्यसमा पनि बढी उपभोगमै गयो । नेपालमा उत्पादन नहुँदा बाह्य वित्तीय क्षेत्रमा दबाब देखिन्छ । १४-१५ महिनामा १२ खर्ब रुपैयाँ कर्जा बढ्नुले कतै जोखिम निम्त्याइरहेको छ भनेर देखाउँछ । अझ बैंकिङ क्षेत्रभित्रको सम्पत्तिको गुणस्तर कस्तो छ भन्ने आशंका बढ्न थालेको छ । यसमा चनाखो हुन जरुरी छ । कर्जाको उपयोगिता कहाँ भइरहेको छ भन्ने हो । आयात आवश्यकताभन्दा बढी बढिरहेको छ । यसबाट औपचारिक अर्थतन्त्र अनौपचारिक अर्थतन्त्रतिर तर्फ प्रवाहित हुँदै गइरहेको त छैन, आशंका बढ्न थालेको छ ।

अहिले कर्जा वृद्धिदर उच्च भएकाले अर्थतन्त्र तीव्र गतिमा सक्रिय भइरहेको छ । तर, कर्जामा न्यून ब्याजदर भइरहे अझै व्यवसायीले धेरै सापटी लिन्छन् । अधिकांश कर्जा आयातकै लागि गएको छ । यसकारण विदेशी मुद्रा भित्रिनेभन्दा बाहिरिने बढी हुँदा शोधनान्तर स्थिति दबाबमा पर्छ । थोरै ब्याजदरमा कर्जा पाउने भएपछि जस्तोमा पनि लगानी गएको हुन सक्छ । जसले कर्जाको गुणस्तर घट्न सक्छ । मुलुकको कुल गार्हस्थ्य बचत कम भएकाले यसलाई प्रोत्साहन गर्न पनि बजारलाई खुला छोडेर ब्याजदरलाई समायोजन गर्न दिनुपर्छ । लगानीयोग्य पुँजीमा प्रभाव परेको मुख्य कारण रेमिट्यान्स वृद्धि पनि घट्यो । यसबीच सरकारले पनि खर्च गर्न सकेन । पर्यटनबाट हुने आम्दानी अझै सुधारिन सकेको छैन । आयात अत्यधिक बढ्यो । पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा उपभोग्य वस्तुको मूल्यमा चाप पर्छ । विश्वमै उत्पादन कम भएको छ र माग ह्वात्तै बढेको छ । सार्वजनिक ऋण १७ खर्ब २९ अर्ब पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आन्तरिकतर्फ ८ खर्ब १ अर्ब ४६.३४ प्रतिशत र बाह्यतर्फ ९ खर्ब २७ अर्ब ५३.६६ प्रतिशत छ । कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋण ४०.५४ प्रतिशत पुगेको छ ।

जीडीपी ४२ खर्ब ६६ अर्ब रुपैयाँको छ । कतिपय देशले जीडीपीको शतप्रतिशतसम्म पनि ऋण लिन्छन्, नेपालजस्तो विकासोन्मुख मुलुकमा भने ५० प्रतिशत हाराहारी पुगेपछि विदेशीले ऋण नपत्याउन सक्ने विज्ञहरू बताउँछन् । ऋणकै ब्याज र साँवा तिर्न मुलुकलाई गाह्रो पर्ने विज्ञको बुझाइ छ । सरकारले फागुनसम्म साँवा र ब्याज गरी ३८ अर्ब ९७ करोड रुपैयाँ तिरेको थियो ।

अर्थतन्त्र कोभिडपूर्वजस्तो स्वस्थ स्थितिमा अझै पुगेको छैन । पेट्रोलियम पदार्थको मूल्य सात सात दिनमै बढेको छ । यसबाट समग्र अर्थतन्त्रलाई नै असर पर्छ । हुन त यो अन्तर्राष्ट्रिय प्रभाव हो । तर, भएका चुहावट नियन्त्रण गर्न सके मूल्यवृद्धिको बढी भार सर्वसाधारणले खेप्नुपर्ने थिएन । खुला सीमाका कारण भारतमा चुहावट हुन्छ भनिन्छ ।

जहिले पनि एउटै बहाना बजारमा बज्ने गर्छ, तर चुहावट हुन नदिने संरचना भने तयार भएको पाइँदैन । गणतन्त्रको आगमनसँगै नेपालको अर्थतन्त्र बढी परनिर्भर भएको छ । बढी आयात गर्दा व्यापारघाटा उच्च छ । अब दीर्घकालीन समाधान खोज्नुपर्ने आवश्यकता भइसकेको छ । आत्मनिर्भरता बढ्दै जाँदा बाह्य मूल्यको उतारचढावले प्रभाव पार्न सक्दैन । पेट्रोलियम पदार्थको विकल्प विद्युतीय ऊर्जा बनाउनुपर्छ, हाम्रो मुख्य खर्च ऊर्जा स्रोतमा भइरहेको छ । ढुवानी, कलकारखाना सञ्चालन गर्न बढी ऊर्जाको खपत हुन्छ । उत्पादन क्षमता छ तर पहिचान गर्न सकिएको छैन ।

आज देशको अर्थतन्त्र कमजोर बन्दै जाँदा आमनेपाली पर निर्भरतामा बाँच्नुपर्ने अवस्था सिर्जना हुँदै छ । अर्थतन्त्र सामान्य अवस्थामा छैन, यसका संकटहरूलाई नियालेर सरकारले नीति अवलम्बन गर्न जरुरी छ । वैदेशिक ऋण थप गरेर हुन्छ या बढी अनुदान स्वीकार गरेर हुन्छ, आयात नियन्त्रण गर्नैपर्छ । पुँजीगत खर्चका लागि बजेट निर्माण प्रक्रियादेखि प्रभावकारिता, परिचालन, समयमा काम लगाउने क्षमता वृद्धि हुँदा बजारमा पैसा आउँछ, तरलताको अभाव हुन पाउँदैन । सरकार समस्या भएको ठाउँमा समाधान गर्न सधैं तत्पर रहनुपर्छ ।

\- कारोबारडेली

# जन्मदिवसमा संस्कृतिको संरक्षण र सिर्जनशीलताको अपेक्षा

शुरबहादुर सिंह

यस मंसिरको सिरेटो, दिनहुँको घट्दो तापक्रम, बढ्दो जाडो, माटाले बनेका घरहरूको बाडो (लहरै जोडिएका घर), ओटालो (आँगन)मा तिला गाउँपालिका -४ जुम्लाका महिलाहरू छ दिनअघि घामको ताप लिँदै दु:खसुखका कुरा गर्दै थिए । त्यति नै बेला १०० वर्षीया कालुदेवी शाही बिहानको पाहारिलो घाममा न्हट्टो (पिँठ्यू) सेकाउन त्यहीं आउनुभयो ।

कालुदेवी चिसाले सुत्न नसकेको दुखेसो गर्दै हुनुहुन्थ्यो । कुराकै सन्दर्भमा उहाँले 'भाउअ(नानी, बाबु)' यो 'ह्याप्पी बर्थ डे' भन्या के हो हँ ? नातिनीले आज मेरो 'ह्याप्पी बर्थ डे' हो, केक ल्याइदेऊ भनेर बिहानदेखि दु:ख दिएकी छे', नजिकै बसेकी सपना शाहीलाई सोध्नुभयो । गाउँभन्दा आधा घण्टाको दूरीको विद्यालयमा कक्षा ९ की छात्रा सपना शाहीले 'बर्थ डे' भनेको जन्मदिन भनेर अर्थ्याउनुभयो ।

'ए ! जन्मदिन हो ? नातिनीले त्यही भने त भैगोथ्यो नि ! तेईले (त्यसले) 'ह्याप्पी बर्थ डे' भन्या हामी क्या थापाउ(थाहा पाऊँ) त ?' कालुदेवीले झर्किँदै आफ्नै भाषामा प्रतिक्रिया दिनुभयो । एक शताब्दीको जीवनकालमा कहिले पनि जन्मदिन नमनाउनुभएका उहाँलाई 'बर्थ डे'बारे थाहा हुने कुरा पनि भएन । पतिको ज्यान कालापहाडमै गएदेखि आफ्नो जीवनकालको ५० वर्षदेखि एकल जीवन व्यतीत गर्दै आउनुभएका कालुदेवीले सबै ट्वाटिकी (केटाकेटी) ले 'ह्याप्पी बर्थ डे' भनेको सुन्दा दिक्क लागेको सुनाउनुभयो ।

एकहत्तर वर्षीय स्थानीय वीरबहादुर शाही शहर गाउँ पसिसकेको तर्क गर्नुहुन्छ । 'हेर त भाउअ ! अहिले त शहरको नाङ्गो संस्कृति गाउँ पसेछ । आजभोलिका केटोकटीको रहनसहन र पहिरन हेर्दा आफैँले मुख ढाक्नुपर्छ । यस्तो त हिजो हामी टिभीमा वा शहर जाँदा देख्थ्यौँ', उहाँले भन्नुभयो, 'हिजो कपडा च्यातिँदा हामी सात पटक भए पनि टालो टाल्थ्यौँ तर आजको पुस्ताले नयाँ कपडा च्यातेर लगाएको देख्दा उदेक लाग्छ ।' वीरबहादुर आफू जन्मेको दिन आफूहरूलाई नै थाहा नभएको तर अहिलेका केटाकेटीले अरू कहिले जन्मे भनेर हेक्का राख्ने गरेकामा अचम्म मान्नुहुन्छ । 'जन्मदिनमा मीठो परिकार खानुका साटो भ-नभको खाने, रक्सी पिएर गीत गाउने, जिउ देखाएर नाच्ने, यो कस्तो प्रकारको संस्कार ?', उहाँ प्रश्न गर्नुहुन्छ । जन्मोत्सव मनाउने संस्कृति अहिले एउटा फेसनका रुपमा विस्तार हुन थालेको छ । यहाँ कसैले मष्टो पुजून् वा शिव, बुद्ध पुजून् वा अल्लाह, जन्मदिनमा प्राय: सबैले केक काटेकै देखिन्छ । बालबालिकादेखि वृद्ध, कार्यकर्ता तहदेखि राजनीतिक नेतृत्व, पूर्वीय चिन्तकदेखि पश्चिमा संस्कृतिका आलोचक सबैले केक काट्दै र 'ह्याप्पी बर्थ डे' गीत गाउँदै आएका छन् । खासगरी यसअघि प्रतिष्ठित र उच्च ओहोदामा रहेका व्यक्तिले मनाउने जन्मदिन आज हरेकले मनाउन थालेका छन् । आफू जन्मेको महत्वपूर्ण बनाउन थोरैले यसलाई सामाजिक सेवा, परोपकार र सहयोगी कार्य गर्ने अवसरका रूपमा लिएका छन् ।

केहीले जन्मदिनमा रुख रोप्ने तथा ज्येष्ठ नागरिक-अनाथ बालबालिकालाई सहयोग र नयाँ कामका लागि आर्थिक सहयोग गर्छन् । धेरैले भने यसलाई भड्किलो रूपमा मनाउँदै आएका छन् । यसलाई फजुल खर्चको माध्यम बनाएर उरन्ठेउलो मनोरञ्जन लिने तथा सामाजिक, सांस्कृतिक मौलिकता विस्थापन गर्ने गतिविधिका साथ हाम्रो नेपालीपन हराउँदै गएको छ । यो सामाजिक विकृतिका रुपमा फैलिँदै गएको उदाहरण खोज्न धेरै टाढा जानुपर्दैन ।

गत कात्तिक २८ गते परेको जन्मदिनलाई मूल अवसर बनाएर चन्दननाथ नगरपालिका-५ जुम्लाका शिक्षाप्रेमी तथा एशिया इन्टरनेशनल स्कुलका संस्थापक मनोज बुढाथोकी मगरले रु १० लाख कोषसहितको 'गंगामाननिली अभिनवन केन्द्र' स्थापना गर्नुभयो । आफ्नो जन्मोत्सवमा युवक बुढाथोकीले गरेको नवप्रवर्त्तनात्मक कामले नयाँ पुस्तालाई सिर्जनशील काम गर्ने प्रेरणा दियो । त्यसको भोलिपल्ट भने मोरङ, बूढीगङ्गा -६ कोयलपुरमा स्थानीयवासी नानी लिम्बूको भतिजीको जन्मदिन मनाइँदै गरेको भोजमा खुकुरी प्रहार भयो । हिंस्रक झडपबाट धनकुटा पाखीबास घर भएका २६ वर्षीय रिजन दाहालको मृत्यु भएको खबर नेपालका विभिन्न मिडियामा प्रकाशन तथा प्रसारण भयो ।

सुखद्पूर्ण तरिकाले मनाइने जन्मदिनमा भिडन्त गरिनु निकै दु:खद् भएको कर्णालीका नवराज न्यौपाने बताउनुहुन्छ । 'जन्मदिवस मात्र होइन, अहिले त हाम्रा वेशभूषा, रहनसहन, खानपिन, दिनहुँको शैली र संस्कार बदलिएको छ', संस्कृतिसम्बन्धी जानकार उहाँले भन्नुभयो, 'पछिल्ला जन्मदिवसहरू मदिरामय बनेको देखिन्छ । रसायनमिश्रित केक, स्नो स्प्रे, बर्थ डे क्याण्डिल वा मैनबत्ती बाल्ने अनि फुकेर निभाउने, बियर, ह्विस्की, हुक्का, चुरोट खाएर मनाइने जन्मदिवसबाट सामाजिक संस्कार ध्वंस हुन्छ ।'

नेपाली संस्कृतिमा त सेलरोटी हाल्ने, खीर पकाउने, चामलमा बेसार मिसाएर टीका लगाउने तथा दियो बालेर समाजमा सधैँ उज्यालो दिइरहनू भनेर आशीष दिइने गरेको स्मरण पनि उहाँले गर्नुभयो । कर्णाली संस्कृतिविद् रमानन्द आचार्य पनि जन्मदिन भनेकै 'केक' हो भनेर बुझ्ने मनोविज्ञान, 'जन्मदिनको शुभकामना' भन्नु भन्दा 'ह्याप्पी बर्थडे' भनेर गरिने उच्चारण, दियो बाल्नेभन्दा फुकेर क्याण्डिल निभाउने, नेपाली टोपी लगाउन छाडेर कागजको चुच्चे टोपी पहिरने संस्कारबाट मौलिक संस्कृति हराउँदै गएकामा चिन्ता व्यक्त गर्नुहुन्छ ।

भाषासेवी आचार्यले भन्नुभयो, 'जन्मदिन मनाउनु राम्रो हो तर नमनाउँदा पनि केही बिग्रँदैन । यस अवसरमा शुभकामना, आशीष आदि प्रकट गरे मात्र पनि काफी हुन्छ । यसलाई अतिरञ्जित र अनुत्पादक बनाउन आवश्यक छैन ।' पोषणविद् डा अरुणा उप्रेतीले 'केकसँगै काटिँदै संस्कृति' शीर्षकमा लेख्नुभएको छ, 'हाम्रो संस्कृतिमा जन्मदिनमा घरआँगन र मन्दिरमा दियो बाल्ने चलन छ । अचेल हामी केकमा मैनबत्ती बाल्ने अनि निभाउने संस्कृतिमा भिजेका छौँ । हाम्रो आफ्नो चलन मास्दै छौँ । योसँगै जीवनका सुन्दर पक्ष पनि नष्ट पार्दै छौँ ।' (सेतोपाटी अनलाइन, २०७५ असार २१) केक संस्कृति आत्मसात् गर्ने नेपालीले नै नेपालको हजारौँ वर्षको संस्कृति प्रशंसा गर्दै यसको जगेर्ना गर्न लामो भाषण दिने गरेकामा व्यंग्य गर्दै उहाँले सो लेखमा संस्कृति फलाउन-फुलाउन व्यावहारिक रुपमा पनि अवलम्बन गर्नुपर्ने तथा नेतृत्वमा बसेकाले यसको उदाहरण दिनुपर्ने र समाजलाई सिकाउनुपर्ने सुझाव दिनुभएको छ ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका शिक्षाध्यक्ष डा निरेश थापा देख्दा सुन्दर लाग्ने तर शरीरका लागि बेफाइदाजनक र सायनमिश्रित केक पछिल्लो पुस्ताका लागि आकर्षणको वस्तु बनिरहेकामा चिन्ता व्यक्त गर्नुभयो । शुरुका दिनमा हुने -खानेहरूले मनाउने जन्मदिन अहिले देखासिकीमा परिणत भएको जनाउँदै उहाँले केक काट्ने, बर्थडे क्याण्डिल बाल्ने, स्नो स्प्रेसहित बढी खर्च गर्दा निकै गौरव र सान ठान्ने संस्कृतिले नेपाली मौलिकतामाथि नै आक्रमण गरेको बताउनुभयो ।

'जन्मदिन अनुत्पादक र फजुल खर्चको माध्यम बनेको छ,', डा थापाले भन्नुभयो, "यसले गर्दा हाम्रो मौलिक संस्कृति, संस्कारका विषयमा पछिल्लो समयमा नकारात्मक टीकाटिप्पणी हुन थालेको छ ।' जन्मदिनमा फजुल खर्च गर्ने र मदिरामय बनाउने शैलीले समाजमा विकृति बढ्दै गएको तर्क गर्दै उहाँले यस अवसरलाई अर्थपूर्ण बनाउनका लागि समाजमा केही नवप्रवर्त्तनात्मक काम गर्न नवपुस्तालाई आग्रह गर्नुभयो ।

विशेषत: कर्णाली देवतावादी संस्कारमा बढी विश्वास गर्छ । कुनै नयाँ काम पर्दा होस् या शुभसाइत वा भाकल गर्दा, केही समस्या, अप्ठ्यारो हुँदा देवता गुहार्ने चलन अहिले पनि जीवितै रहेको संस्कृतिविद् बताउनुहुन्छ । मष्टो देवता मान्ने परम्परागत धार्मिक संस्कृति आयातीत संस्कृतिले विस्थापित हुने हो कि भन्ने चिन्ता उहाँहरूको छ । नेपाली सम्पदाका रुपमा रहेका सबैखाले संस्कृतिको संरक्षण तथा सम्वर्द्धनमा जोड दिन तीन वटै तहका सरकारदेखि सरोकार पक्षले ध्यान दिनुपर्ने सुझाव पनि उहाँहरूले दिनुभएको छ ।

\- रासस

# युएइसँग पराजित भएसँगै नेपालको विश्वकप खेल्ने सपना समाप्त

काठमाडौँ (रासस)/ संयुक्त अरब इमिरेट्सँग पराजित भएसँगै नेपाली महिला क्रिकेट टोलीको आगामी सन् २०२३ मा हुने टि २० विश्वकप खेल्ने सम्भावना समाप्त भएको छ ।

आइसिसी महिला टि २० विश्वकप एसिया क्षेत्र छनोटको अन्तिम खेलमा आइतबार नेपाल युएईसँग ४८ रनले पराजित भएपछि नेपालको विश्वकप खेल्ने सपना समाप्त भएको हो । त्यस्तै युएई भने अपराजित रहँदै एसिया क्षेत्रबाट आगामी वर्ष हुने टि २० ग्लोबल छनोटमा पुगेको छ ।

१२८ रनको विजयी लक्ष्य पछ्याएको नेपाल १९ दशमलव ४ ओभरमा जम्मा ७९ रन समेटियो । नेपालकी इन्दु बर्मा‌ले २० बलमा १ चौकासहित १५ रन बनाइन् भने सीता रानामगरले ८ बलमा ३ चौकासहित सर्वाधिक १३ रनमा आउट भइन् ।

इन्दु र सीताबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । त्यस्तै कविता कुँवर ४, रुविना क्षेत्री बेलबासे २, सरिता मगर ८, कविता जोशी १ र करुणा भण्डारी २ रनमा आउट



भए भने काजल श्रेष्ठ ८, अप्सरी बेगम ४ तथा करुणा भण्डारी २ रनमा आउट भए ।

बलिङतर्फ युएईकी समायरा धरणीरकाले ४ विकेट लिइन् भने खुशी शर्मा र चमानी सेनेविरत्नेले २-२ विकेट लिए । चया मुगलको नाममा १ विकेट लिए । त्यसअघि आइसिसी एकेडेमी ग्राउन्ड नम्बर २ मा टस हारेर ब्याटिङ पहिले ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १२७ रन बनाएको थियो । युएईकी चमानी सेनेवित्नेले सर्वाधिक ५२ रनको योगदान दिइन भने थ्रीथा सतिसले ४७ रन जोडिन । काभिसा इगोडागेले २२ रन जोडिन् ।

नेपालका कविता कुँवरले २ विकेट लिइन् भने सबनम राई, सीता रानामगर र संगीता राईले १-१ विकेट लिए । नेपाल पहिलो खेलमा हङकङसँग ६ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा भूटानलाई ८ विकेटले पराजित गरेको थियो । त्यस्तै नेपालले आफ्नो तेस्रो खेलमा कुवेतलाई ९ विकेट र चौथो खेलमा मलेसियालाई ६ विकेटले पराजित गरेको थियो ।

युएई ५ खेलमा १० अंकका साथ ग्लोबल छनोटमा पुगेको छ । नेपाल ५ खेलमा ३ मा जीत र २ मा हारसहित ६ अंकका साथ दोस्रो स्थानमा रह्यो ।

# आन्तरिक लोकतन्त्रलाई सुदृढ र सशक्त बनाउँदै कांग्रेस

चितवन (रासस)/ नेपाली कांग्रेसको आसन्न महाधिवेशन नजिकिएसँगै सामाजिक सञ्जालमा पार्टीका नेता र कार्यकर्ताले आफ्नै पार्टीका नेता र कार्यकर्ताबारेमा सटिक टिप्पणी गर्न थालेका छन् । जिल्ला तथा प्रदेश तहका अधिवेशनबाट विजेतालाई अबिर, माला र खादाले स्वागत र सम्मानका अभिव्यक्तिले सामाजिक सञ्जाल 'भाइरल' नै भएको छ ।

निर्वाचन पराजित भएको जनाउँदै कतिपयले चोकचौराहामा गालीगलौजमा समय खर्चनेको पनि कमी छैनन् । मानौ कि उनीहरू विपक्षी दलहरूसँग जित र पराजित भइरहेका छन् । स्थानीय, प्रदेश र संघीय निर्वाचनमा विपक्षीसँग लड्दा जुन ऊर्जा कांग्रेसले बोकेको थियो त्यो भन्दा थप ऊर्जा आफ्नै पार्टीका नेता, कार्यकर्तालाई हराउन र जिताउनमा कांग्रेसी कार्यकर्ताले समय खर्चेकामा पुराना पुस्ताका कांग्रेसका नेता चिन्तित छन् ।

पार्टीको आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन गाउँ तहदेखि नै चुनाव हुने गरेको छ । कांग्रेस चितवनका निवर्तमान सभापति टेकप्रसाद गुरुङ आफूले सात/आठवटा निर्वाचनमा प्रतिष्पर्धा र सम्पन्नगरेको भए पनि अहिलेको जस्तो नभएको बताउँछन् ।

उनले भन्छन्, "कांग्रेसको अहिलेको विधान परिवर्तन गर्नुपर्छ ।" पैसा नहुने निर्वाचनमा भाग लिन नसक्ने अवस्था बनेको उनको बुझाइ छ । आफूले अहिलेसम्म आन्तरिक निर्वाचनमा पोष्टरसमेत नटाँसेको जनाउँदै उनी भन्छन्, "आन्तरिक निर्वाचन हारेपछि चोकचोकमा बसेर गालीगलौज गर्नु राम्रो होइन ।" पार्टी नेता, कार्यकर्तामा अनुशासनका कमी भएकामा उनलाई चिन्ता छ । पूर्वराज्यमन्त्रीसमेत भएका कांग्रेस चिवतनका पूर्वसभापति शेषनाथ अधिकारी पार्टीभित्रको आन्तरिक निर्वाचनमा तल्लोस्तरको गातिविधि भएको जानकारी दिन्छन् ।

पार्टीभित्रको निर्वाचन प्राविधिक पक्ष भएको जनाउँदै उनले यसमा हार-जित नहुने बताउँछन् । उनले भने, "यो छनोट हो । हार जित होइन ।" सांगठनिक प्रक्रियाका लागि नेतृत्व चयन गर्नुपर्ने भए पनि यसलाई बुझाउन नसक्दा समस्या आएको उनको बुझाइ छ । उनी भन्छन्, "संगठनको नेतृत्व चयन मात्र हो भनेर बुझाउन जरुरी छ । प्रशिक्षण कमजोर भयो ।" कांग्रेसको मर्म बुझाउन नसकिएको हो कि भन्ने उनमा चिन्ता छ ।

तत्कालीन संविधानसभा सदस्य एवं नेपाली काँग्रेस चितवनका पूर्व सभापति रामकृष्ण घिमिरे तडकभडक र बैमनश्यता हुन नहुने बताउँछन् । आफ्ना साथीलाई जित्दा र हार्दा धेरै खुशि र निरास हुनुपर्ने अबस्था आउन नहुने उनको बुझाइ छ । ठूलो पार्टी भएकाले धेरैका आशा पदमा हुनु स्वभाबिक रहेको जनाउँदै उनले आन्तरिक नेतृत्व चयनलाई पेचिलो हुनेगरि व्यवहार प्रदर्शन गर्न नहुने सुझाव दिन्छन् । विपक्षिहरूसंग लड्नका लागि आन्तरिक निर्वाचनले थप बलियो वनाउने गरि गतिबिधि गर्नुपर्ने उनको राय छ । अर्का जिल्ला पूर्वसभापति टीकाराम न्यौपाने पार्टीका नेता, कार्यकर्ता अनुशासित बन्न र पार्टीको आन्तरिक निर्वाचनमा आर्थिक चलखेल हुन दिनुहुँदैन भन्छन् । उनले भन्छन्, "यसरी नै अघि बढ्यो भने पार्टी कमजोर बन्छ ।" पार्टीमा योगदान दिएकालाई जिम्मेवारीमा ल्याएर संगठन बलियो बनाउनुपर्ने उनको भनाइ छ । आन्तरिक निर्वाचन भड्किलो बन्न नहुने पूर्व सभापति न्यौपाने बताउँछन् ।

झण्डै पाँच वर्ष छ महिनापछि कांग्रेसको गाउँदेखि जिल्लासम्म निर्वाचन भइरहेको छ । गतको स्थानीय, प्रदेश र संघीय निर्वाचनमा पराजय व्यहोरेको कांग्रेसलाई अबको निर्वाचनमा पहिलो शक्ति बनाउनुपर्ने पुराना नेताहरू बताउँछन् । स्थानीय निर्वाचनको संघारमा भइरहेको अहिलेको आन्तरिक निर्वाचनले असर पैदा गर्ने हो कि भन्ने चिन्ता उनीहरूमा छ ।

जिल्लाका पूर्वसभापति पछिल्लो समयको भड्किलो आन्तरिक निर्वाचनलाई व्यवस्थित गरी पार्टीलाई सुदृढ बनाउनुपर्नेमा जोड दिन्छन् । नेता, कार्यकर्तालाई बुझाउन नसक्दा आफ्नो क्षमताभन्दा फरक पदमा उम्मेदवारी दिने, भड्किलो प्रचार गर्ने, पराजित भएपछि गालीगलोजमा उत्रने गर्दा यसको प्रत्यक्ष असर विपक्षीसँग लड्ने निर्वाचनमा देखिन सक्नेमा उनीहरूको चिन्ता छ ।

*माओवादी पालिका अधिवेशन*

# चितवनमा पाँच पालिकामा नयाँ नेतृत्व




चितवन (रासस)/ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को पालिकाको प्रथम सम्मेलनले जिल्लाका पाँच पालिकामा नयाँ नेतृत्व चयन गरेको छ ।

जिल्लाका सात पालिका मध्ये भरतपुर महानगरपालिका सहित माडी, राप्ती, खैरहनी नगरपालिका र इच्छाकामना गाउँपालिकामा नयाँ नेतृत्व चयन गरेको हो ।

कालिका र रत्ननगर नगरपालिकामा नेतृत्व चयन भएको छ । जिल्ला अध्यक्ष यमबहादुर परियारका अनुसार भरतपुरमा ईश्वर सापकोटा, माडीमा प्रभूप्रसाद महतो, राप्तीमा रामचन्द्र पाठक, खैरहनीमा रामेश्वर पोखरेल र इच्छाकामनामा प्रताप गुरुङका अध्यक्ष पदमा सर्वसम्मत चयन भएको थियो ।

अध्यक्ष परियारका अनुसार पालिकामा सात सदस्यीय पदाधिकारी हुने व्यवस्था रहेकोछ । पदाधिकारीसहित महानगरमा ९९, नगरपालिकामा ६५ र गाउँ पालिकामा ५५ जनाको समिति बन्ने व्यवस्था छ । सातै पालिकामा सम्मेलनको उद्घाटन शनिबार गरिएको छ ।

# वीरगञ्जमा पहिलोपटक वायु प्रदूषण मापन

वीरगञ्ज (रासस)/ वीरगञ्जमा वायु प्रदूषण मापन थालिएको छ । अमेरिकी सरकारले अनुदानमा दिएको 'ब्लुस्काइ डिभाइस'मार्फत पहिलोपटक प्रदूषण मापन सुरु भएको हो ।

वीरगञ्ज महानगर पालिका वडा नं ३१ स्थित सोलखपुरमा जडान गरिएको ती डिभाइस मार्फत प्रदूषण मापन गर्न थालिएको जनाइएको छ । डिभाइस यहाँको प्रदूषणको मात्रा यकिन गर्ने छ ।

महानगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख इञ्जीनियर सुनिलकुमार कर्णका अनुसार त्रिभुवन विश्वविद्यालयको वातावरण विभागसँग समन्वय गरी ती उपकरण जडान गरिएको हो ।

मुलुकको सबैभन्दा ठूलो पर्सा-बारा औद्योगिक करिडोरको ठूलो हिस्सा यही पर्छ । यहाँका धेरै उद्योगले औद्योगिक प्रदूषण नियन्त्रणका लागि कदम नचालेकाले प्रदूषण बढेको जनगुनासो लामो समयदेखि रहिआएको छ । महानगरमा जनघनत्व उच्च छ ।

सवारीसाधनको संख्या पनि बढ्दो छ । करिडोर भएर बग्ने सिर्सिया खोलामा उद्योगबाट निस्कने प्रदूषित पानी, रासायनिक पदार्थ, खरानी आदि वस्तु प्रशोधन नगरी फाल्दै आइएको छ । यसबाट पछिल्लो समय सिर्सियासमेत अत्यधिक प्रदूषित बनेको छ ।

शाखाले यसअघि नै महानगर क्षेत्रमा रहेका उद्योगले गर्ने प्रदूषणको मापन गर्ने गृहकार्य सुरु गरिसकेको जनाएको छ । यसका लागि महानगर क्षेत्रमा रहेका उद्योगको लगत संकलन कार्य सम्पन्न भइसकेको इञ्जीनियर कर्णले जानकारी दिए ।

"वीरगञ्ज उद्योग वाणिज्य संघसँगको समन्वयमा उद्योगले के-कति परिमाणमा हावा, पानी, ध्वनि, धुँवा, धुलो, ताप आदिको प्रदूषण गरिरहेका छन्, त्यसको मूल्यांकन भइरहेको छ", उनले भने । सम्बन्धित उद्योगहरूले प्रदूषण गरेको यकिन भए नियन्त्रणका लागि सुझाव र निर्देशन दिने र अटेर गरे कारबाही गरिने छ । उनका अनुसार यहाँ साना, मझौला र ठूला गरी करिब २०० उद्योग सञ्चालनमा छन् । महानगर र त्रिविको संयुक्त विशेषज्ञ टोली प्रत्येक उद्योगमा स्थलगतरूपमै पुगेर त्यहाँबाट भइरहेको वातावरण प्रदूषणको मूल्यांकन गर्ने काम गरिरहेको छ ।

**उद्यमशीलताका लागि नबिल बैंकसँग सम्झौता**

यहाँस्थित वीरगञ्ज पब्लिक कलेजमा व्यावसायिक एवं उद्यमशीलताका शिक्षालाई थप प्राथमिकता दिने उद्देश्यले नबिल बैंकसँग सहकार्य हुने भएको छ । यसका लागि ती दुई निकायबीच सम्झौता समेत भएको हो ।

निजी क्षेत्रको बैंक नबिलको सामाजिक उत्तरदायित्व अन्तर्गत नबिल स्कुल अफ सामाजिक उद्यमीअन्तर्गत प्रदेश नं २ लागि उक्त कलेज र बैंकबीच यस्तो सम्झौता भएको छ ।

यस कार्यक्रमअन्तर्गत प्रदेश नं २ का १८ देखि ६० वर्षसम्मका उद्यमशीलतामा रुचि राख्ने र समाजलाई सकारात्मक योगदान गर्न चाहने व्यक्तिलाई उद्यमशीलतासम्बन्धी विविध तालिम दिने उद्देश्यले उक्त सम्झौता भएको हो ।

स्थापनाकालदेखि नै आधारभूत शिक्षासँगसँगै व्यवहारिक शिक्षा प्रदान गर्दै आइरहेको कलेजले अहिलेको समयमा व्यावसायिक एवं उद्यमशीलताका शिक्षाले मात्र देश अनि समाजलाई आर्थिकरूपमा सबल बनाउन सक्छ भन्ने उद्देश्यले विभिन्न व्यावसायिक एवं व्यवसायी बनाउने तालिम प्रदान गर्दै आएको छ ।

वीरगञ्जमा कुशल व्यवस्थापक र मानवीय व्यावसायिक स्रोतको उत्पादन गर्ने लक्ष्यसहित सो कलेज विसं २०५७ मा स्थापना भई व्यवस्थापनमा प्लसटु, बिबीए, बिबीएस, बीआइएम, एमबीए, एमबीएसको अध्ययन भइरहेको गुणस्तरीय पठनपाठनमा काठमाडौँ बाहिरका कलेजमा उत्कृष्टता प्रदान गर्दै आएको हो ।

*एमाले महाधिवेशन*

# दबाब र आशाको केन्द्रमा अध्यक्ष ओली



सौराहा (रासस)/ नेकपा (एमाले) को महाधिवेशनमा नयाँ सहमतिमा नेतृत्व चयनका लागि निर्णायक पहल भइरहेको छ ।

चितवनको सौराहामा आइतबार बिहान १० बजे सुरु हुने भनिएको बन्दसत्रको दोस्रो दिन दिउँसो २:३० सम्ममा समेत सुरु हुन सकेको छैन । प्रतिनिधि बिहानको खानापछि बन्दसत्र हलमा प्रवेश गरिसकेका छन् भने पार्टीका अध्यक्ष केपी शर्मा ओलीलगायतका नेता आवासका लागि प्रबन्ध गरिएको होटेलमा अनौपचारिक छलफलमा जुटेका छन् ।

केन्द्रीय कमिटीको पदाधिकारी र सदस्यका आकाङ्क्षी प्रतिनिधिकाबीच मत माग्नतिरभन्दा अध्यक्ष ओली र उनी निकटका शीर्ष नेतालाई आफ्नो नाम नछुटाउन लविङ गरिरहेका छन् । त्यसरी जाने नेता र प्रतिनिधिलाई अध्यक्ष ओलीले ठोस जवाफ नदिइ फर्काउने गरेको बुझिएको छ । सहमतिको नाम प्रस्ताव गर्ने अधिकार बन्दसत्रले अध्यक्ष ओलीलाई दिएकाले सबैको दबाब र आशाको केन्द्रमा अध्यक्ष ओली परिएको ।

अध्यक्ष ओली बसेका होटेल पार्क सफारीमा नेता कार्यकर्ताको आउने जानेक्रम चलिरहेको छ । अध्यक्ष ओलीले विभिन्न नेतासँग सामूहिक र अलगअलग छलफल गरिरहेका छन् । आइतबार बिहान विदेशी पार्टीका प्रतिनिधिसँग आपसी भेटघाटपछि अध्यक्ष ओलीले पार्टीका नेतालाई परामर्शमा बोलाएका जनाइएको छ । अध्यक्ष ओलीसँग उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, महासचिव ईश्वर पोखरेल, उपमहासचिव विष्णुप्रसाद पौडेल, स्थायी कमिटीका सदस्य सुरेन्द्र पाण्डे, शंकर पोखरेललगायत नेताले छलफल गरेका थिए । महासचिव पोखरेल र उपमहासचिव पौडलले सोही होटेलमा बेग्लै छलफल पनि गर्नुभएको जनाइएको छ । अन्य नेताहरु रहेका होटेलमा पनि विभिन्न नेताबीच छलफल भइरहेको छ ।

महाधिवेशनमा अधिकांश नेता र प्रतिधिनिले सर्वसम्मतिमा अध्यक्ष ओलीको नेतृत्वमा नयाँ केन्द्रीय समिति चयन गर्न दबाब दिएपछि शनिबारको बन्दसत्रले ३०१ सदस्यीय केन्द्रीय कमिटीको उम्मेदवारको नामावली प्रस्तुत गर्ने जिम्मेवारी अध्यक्ष ओलीलाई दिएका थिए ।

उपाध्यक्ष डा. भीम रावलले सहमतिमा नभई निर्वाचनबाट नेतृत्व चयन हुनुपर्ने र आफूले अध्यक्षमा उम्मेदवारी दिने अडान लिएपछि सर्वसम्मतिको प्रयासमा कठिनाइ उत्पन्न भएको छ । एमालेका सचिव योगेश भट्टराईले दशौँ महाधिवेशन एक विशिष्टरुपमा सञ्चालन भइरहेको र महाधिवेशनको हलले सहमतिमा नेतृत्व ल्याउने भनिसकेपछि आकांक्षीको व्यवस्थापन र मूल्यांकन गर्ने काम नेतृत्वको भएको बताए । उनले प्रतिनिधिले मत दिएर नचुनेमा प्रतिनिधिको विवेकको मूल्यांकन ठानिने तर निर्वाचन नहुने भएकाले अब सही मूल्यांकन सही हुने नहुने भन्ने नेतृत्वमा भरपर्ने प्रतिक्रिया दिए । "नेतृत्वले कार्यकर्ताको मनोभावना बुझेर नेतृत्वले विवेकसम्मतरुपमा प्रस्ताव ल्याउने र अध्यक्ष ओलीले उपाध्यक्ष रावललगायत सबैसँग संवाद गरेर समेट्न र अन्य नेताले अध्यक्ष ओलीलाई साथ दिन सक्नुपर्छ", नेता भट्टराईले भने ।

उनले आफूहरुले सोही अनुसारको सुझाव अध्यक्ष ओलीलाई दिएको जनाउँदै जनताको बहुदलीय जनवादको सिद्धान्तबमोजिम संवाद, परामर्श र छलफल गरेर निष्कर्ष निकाल्न सकिने र आम प्रतिनिधिको चाहनाबमोजिम सहमति हुने र अन्तिममा मिल्नै नसकिने भएमा निर्वाचनको विधिलाई पनि कायमै राखिने बताए । बन्दसत्रस्थल बाहिर प्रतिनिधि र कार्यकर्ता ब्यग्रतापूर्वक नयाँ नेतृत्वको प्रतिक्षा गरिरहेका छन् । निर्वाचन लड्ने आकांक्षा राखेका प्रतिनिधि पनि सहमतिमा नेतृत्व भएमा आफू नपरे पनि सन्तुष्ट हुने बताउँछन् । पार्टीका केन्द्रीय सदस्य देवी ज्ञवाली अध्यक्षमा केपी ओली सर्वसम्मत भएमा आफूहरु सूचीमा नपरे पनि फरक नपर्ने बताए । अखिल नेपाल महिला संघकी नेत्री शर्मीला कार्कीले हलमा आम प्रतिनिधिले सहमतिका म्याण्डेट दिइसकेकाले उपाध्यक्ष रावल वा अरूले अर्गेलो गर्न नहुने बताए ।

संविधानसभाका सदस्य एवं एमाले नेत्री रञ्जु झाले आम प्रतिनिधिको भावनालाई मान्नुपर्ने र त्यसमा नेतृत्वले विवेकसम्मतरुपमा प्रस्ताव ल्याउने अपेक्षा व्यक्त गरे । युवा नेत्री रचना खड्काले हलले दिएको कार्यदिशबमोजिम नेतृत्वले विवेकसम्मतरुपमा प्रस्ताव ल्याउने विश्वास व्यक्त गर्दै प्रतिनिधि त्यस्तो प्रस्तावको प्रतिक्षा गरिरहेको जनाए ।

# रोगको प्रकोपका कारण केरा कृषक चिन्तामा

परासी (रासस)/ सिगाटोका रोगले केरामा क्षति पुऱ्याउन थालेपछि नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)का केरा उत्पादक कृषक चिन्तित भएका छन् ।

जिल्लाको दक्षिणी क्षेत्रस्थित केराको पकेट क्षेत्रका रुपमा चिनिएको प्रतापपुर र सुस्ता गाउँपालिकामा कृषकले लगाएको केराखेतीमा सिगाटोका रोगको प्रकोप देखिएको हो ।



भारतबाट आयात हुने सस्तो केराका कारण आफूहरूले उत्पादन गरेका केरा बिक्री नभएर चिन्ता बढिरहेका बेलमा सिगाटोका रोगले केरा नष्ट हुन थालेपछि यहाँका कृषक थप मर्कामा परेका हुन् । रोगका कारण साढे २०० बिघाभन्दा बढी जमिनमा लगाइएको केरामा क्षति पुगेको केरा उत्पादक संघका जिल्ला अध्यक्ष लख्खु यादवले बताए ।

"भारतबाट आयात हुने केरासँग प्रतिस्पर्धा गर्न नसक्दा हाम्रो केरा खेतमै कुहिएको छ, यसैवर्ष बाढीले पनि ठूलो क्षति पुऱ्यायो, अहिले फेरि रोगले क्षति गरिरहेको छ, हामी केरा कृषक निकै पीडित छौँ", उनले भने ।

रोगको प्रकोपले केरामा क्षति पुगेपछि लुम्बिनी प्रदेशकी कृषिमन्त्री सुमन शर्मा रायमाझीले स्थलगत निरीक्षण गर्नुभएको छ भने कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना, कृषि विकास निर्देशनालय, नार्क र केरा उत्पादक संघको संयुक्त टोली अहिले प्राविधिकसहित रोगको व्यवस्थापनमा लागेको छ । अहिले कृषकको खेतमै पुगेर रोगबाट भएको क्षतिको विवरण संकलन र कृषकलाई ढुशीनासक विषादी नि:शुल्क वितरण गर्नाका साथै रोग नियन्त्रणको काम भइरहेको कृषि ज्ञानकेन्द्रका कृषि प्रसार अधिकृत सन्तोष चौधरीले जानकारी दिए ।

केराको पात डढेको जस्तो देखिने, विस्तारै अरु पातमा सर्दै जाने, तयार भएको केरालाई क्षति गर्ने लक्षण देखिएपछि नमूना संकलन गरी कृषि अनुसन्धान केन्द्र र गहुँ अनुसन्धान कार्यक्रममा परीक्षणका लागि पठाइएकामा सिगाटोका रोग पुष्टि भएको कृषि विकास निर्देशनालयका वरिष्ठ बाली संरक्षण अधिकृत देवेशकुमार मिश्रले जानकारी दिए ।

लगातार एकैठाउँमा केरा लगाउँदा र पानी परेर चिसो सुरु हुने बेलामा यस किसिमको रोग देखापर्ने उनले बताए । "कृषक निकै मर्कामा परेको देखियो, अहिले हाम्रो टोलीले खेतबारीमै पुगेर सरसफाइ गर्ने, रोग लागेका केराका थाम नष्ट गर्ने र विषादी छर्ने काम गरिरहेको छ", उनले भने । रोगी पात हटाउने, नष्ट गर्ने, फल दिइसकेको केराको थाम हटाउने, रोग लागेको केराको थाम काटेर एक/दुई वर्ष अन्य बाली लगाएर फेरि केरा लगाउने तथा ढुशिनासक विषादीको प्रयोग गर्दा यो रोगको नियन्त्रण हुने अधिकृत मिश्रले बताए । समयमा उखुको भुक्तानी नपाएर विकल्पमा केराखेती गरिरहेका यहाँका कृषकले केरा बिमा कृषकमैत्री नहुनु, रोग, असिना र बाढीले केराखेतीमा नोक्सान पुग्नुजस्ता समस्याले केराखेतीबाटै विस्थापित हुने अवस्था आएको भन्दै उचित राहत र क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरेका छन् ।

कृषकको समस्या बुझ्न स्थलगत निरीक्षणमा आएकी मन्त्री रायमाझीले प्रदेश सरकारबाट सक्दो पहल गर्ने बताए । केराखेती प्रवर्द्धन गर्न नर्सरी स्थापना, उत्पादित केरा व्यवस्थापनका लागि छुट्टै उद्योग स्थापना गर्नुपर्ने, चिस्यान घर स्थापना, केराबालीका लागि मल निश्चित गर्नुपर्ने, भारतबाट आयात हुने केरामा भन्सार दर वृद्धि गर्नुपर्ने, बिमा नीति परिमार्जन गर्नुपर्नेलगायत माग कृषकले मन्त्री समक्ष गरेका थिए । कृषि बिमा कृषकमैत्री नभएको भन्दै जिल्लाका कुनै पनि कृषकले अहिलेसम्म केराको बिमा गरेका छैनन् । कृषि बिमामा हालको व्यवस्थाले आफूहरूको लगानी सुरक्षित नहुने भएकाले बिमामा कृषक आकर्षित हुन नसकेको संघका अध्यक्ष यादवले बताए ।

बिमा नीतिमा गरिएको व्यवस्थाअनुसार केराको लागत प्रतिबोट १५ र प्रतिहेक्टर एकजार २०० बोट अर्थात् प्रतिका ४८ देखि ५४ बोट हुनुपर्ने उल्लेख छ । कृषकका अनुसार यहाँ गरिने खेती नीतिमा तोकिएको लागत खर्च र केराको बोटको संख्याभन्दा बढी उत्पादन हुने गरेको छ । यहाँ गरिने केराखेतीमा प्रतिबोटको लागत खर्च २९० देखि ३०० सम्म हुने गरेको छ भने प्रतिकठ्ठा १०० देखि १२० बोट लगाउने गरिएको छ । यसले गर्दा सरकारले तोकेको व्यवस्थानुसार बिमा गर्दा कृषकलाई लाभभन्दा घाटा हुने भएकाले बिमा गर्न कठिनाइ भएको कृषकको गुनासो थियो ।

सरकारले हालको दर परिमार्जन गरी नयाँ दर निर्धारण नगरेसम्म बिमाको समस्या समाधान हुन नसक्ने कृषकको भनाइ थियो । नवलपरासीको सुस्ता, प्रतापपर र सरावल गाउँपालिकामा धेरै मात्रामा केराखेती हुने गरेको छ ।

उखुको पकेट क्षेत्रका रुपमा ख्याति कमाएको उक्त क्षेत्रमा वर्षौंसम्म भुक्तानीको समस्या भोग्नु परेपछि अहिले अधिकांश कृषक केराखेतीतर्फ लागेका हुन् ।

# सुनको मूल्य प्रतितोला ९२ हजार १००

काठमाडौँ (रासस)/ सुनचाँदी बजारमा साताको पहिलो कारोबार दिन आइतबार छापावाल सुनको मूल्य प्रतितोला ९२ हजार १०० तोकिएको छ ।



अघिल्लो दिन प्रतितोला ९१ हजार ९०० मा कारोबार भएको पहेँलो धातुको मूल्य आज प्रतितोला २०० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणानुसार तेजाबी सुनको आइतबारको मूल्य प्रतितोला ९१ हजार ६०० कायम भएको छ । शुक्रबार प्रतितोला ९१ हजार ४०० मा यसको कारोबार भएको थियो । त्यस्तै आइतबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला १५ ले घटेर एक हजार २१० तोकिएको महासंघले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा आइतबार सुन प्रतिऔँस एक हजार ७९२ डलर आसपास कारोबार भइरहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कार्कीले पाइन् हराएको सुन



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-५ की सरस्वती कार्कीले हराएको सुन र नगद रकम फिर्ता पाएकी छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले कार्कीको हराएको सुन र नगद रकम भेटिएपछि आइतबार फिर्ता गरेको हो । कार्कीले आफ्नो गरगहना तथा नगद हराएको भनि जिल्ला प्रहरी कार्यालयमा मौखिक जानकारी गराएपछि घटनाबारे प्रारम्भिक अनुसन्धान र खोजी गर्दा फेला पारेर सम्बन्धित व्यक्तिलाई बुझाइएको हो ।

कार्कीले घरबाट बाहिर जाँदा सामानको सुरक्षाको लागी ८ तोला सुनको गहना (छड्के तिलहरी, बाला, ब्रासलेट ,चन्द्रमा, औंठी, झुम्का, मुन्द्रा, गरी १० थान) सुन, एटियम कार्ड र नगद १७ हजार रुपैयाँसमेत हराएको थियो ।

उनले रातो कपडाको झोलामा बाधेर घरमा रहेको डस्टविनमा राखि घरबाहिर गएको भोलीपल्ट बिहान करिब ८-३० बजे हेटौंडा उपमहानगरपालिकाको को फोहोर संकलन गर्ने फोहोरसँगै फालेकोले खोजीका क्रममा फेला पारेर सम्बन्धित व्यक्तिलाई बुझाइएको प्रहरी नायब उपरिक्षक जयश्वर रिमालले बताए ।

तत्काल वडा प्रहरी कार्यालय सानोपोखरा मकवानपुरबाट प्रहरी निरीक्षक कृष्णप्रसाद बिष्ट समेतको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा हराएको सुन, एटिएम कार्ड र नगद फेला पारी प्रहरी कार्यालयमा ल्याई बुझाइएको उनले बताए ।

# जनस्वास्थ्यकर्मी महासंघमा प्रवीन




साझाकुरा संवाददाता

हेटौंडा/अखिल नेपाल प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघ, हेटौंडा उपमहानगरपालिकाको प्रथम अधिवेशनले प्रवीन पुडासैनीको अध्यक्षतामा नगर कमिटी चयन गरेको छ ।

अधिवेशनले पुडासैनीको अध्यक्षतामा २१ सदस्सीय कमिटी चयन गरेको हो । कमिटीको उपाध्यक्षमा संजिव आले मगर, सचिवमा राजकुमार शर्मा, कोषाध्यक्षमा दिव्या बस्नेत, सहसचिवमा आशिष नेपाल, सदस्यहरुमा मधु अर्याल, राजेन्द्र पौडेल, दिलिप दास, पासाङ लामा, बिनिता थिङ्ग, दिलु लामालगायत रहेका छन् ।

यसैवीच, अखिल नेपाल प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघ, हेटौंडाको सल्लाहकारहरुमा डा. हरि बहादुर खड्का, राजु गुरुङ, डा. मिथिलेस ठाकुरलाई तोकिएको छ । कार्यक्रम अखिल नेपाल प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघका सचिवालय सदस्य अमर लामाको प्रमुख आतिथ्यता तथा नेकपा माओवादी केन्द्र मकवानपुरका सचिवालय सदस्य ललित घलानको बिशेष अतिथ्यता रहेको थियो ।


## हार्दिक बधाई



साईराम बचत तथा ऋृण सहकारी संस्थाको शनिबार सम्पन्न १३ औं वार्षिक साधारण भेलाबाट यस टेम्पो तथा मझौला यातायात व्यवसायी संघका कोषाध्यक्ष एवम् रुपान्तरित सार्वजनिक मकवानपुर यातायात व्यवसायी प्रा.लि.का आर्थिक जिम्मेवारी पाउनु भएका सञ्चालक श्री **राजकुमार थापा क्षेत्री** ज्यू गरिमामय सचिवमा सर्वसम्मत चयन हुनु भएकोमा उहाँको सफल कार्यकालको कामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

ज्ञानेन्द्र बहादुर कार्की (अध्यक्ष) एवम्

**सार्वजनिक मकवानपुर यातायात व्यवसायी प्रा.लि. परिवार**


## बिमा पोलिसी हराएको सूचना

मेरो निम्न व्यहोराको जीवन विमालेख (पोलिसी) मिति २०७८ मंसिर २ गते हेटौंडाको सीमा चोकबाट हुप्रचौरसम्म जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**विमा कम्पनीको नाम:** नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.
**विमालेख (पोलिसी) नम्बर:** १०६०११८००
**विमितको नाम:** मन्जु कुमारी बिडारी
**विमितको ठेगाना:** हेटौंडा-१०
**सम्पर्क फोन:** ९८४५२९२५२९

# चेतनशीलको सार्वजनिक सुनुवाई



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-१७ चिसापानीमा रहेको चेतनशील दुग्ध उत्पादक सहकारी संस्थाले आइतबार संस्थाको कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको छ ।

विश्व बैंकको सहयोगमा दुग्धजन्य व्यवसाय स्वच्छ दुग्ध उत्पादनको लागि गाई भैसी प्रवर्धन कार्यक्रमको बारेमा जानकारी दिन सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हो । संस्थालाई विश्व बैंकको सहयोगमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय नेपाल लाईभष्टक सेक्टर ईनोभेसन आयोजना सहयोग इकाई हेटौंडाले ५० प्रतिशत बैंक तथा वित्तिय संस्थाले ३० प्रतिशत र लाभान्वित सहकारी संस्थाले २० प्रतिशत सहयोग गर्ने कार्यक्रममा जानकारी गराइएको थियो ।

यो आयोजना अन्तरगत १२ जना किसानहरुले ६० वटा होलस्टेन फ्रिजन तथा वर्णशंकर जातका गाई खरिद गर्नेछन् । योजना अन्तरगत कुल १ करोड ४५ लाख ११ हजा ४७४ रुपैयाँ खर्च हुनेछ । जसमा आयोजनाले ७२ लाख ५५ हजार ७३७ र बैंक तथा वित्तिय संस्थाले ४४ लाख ४६ लाख र लाभान्वित संस्थाले २८ लाख ९ हजार ७३७ खर्च गर्ने संस्थाका व्यवस्थापक दीपक ढकालले बताए ।

हेटौंडा-१७ का वडा अध्यक्ष भैरब बहादुर राईको प्रमुख आतिथ्यता एवम सहकारीका अध्यक्ष महेश बजगाईको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौडा-१६ का वडा अध्यक्ष रामकृष्ण कोईराला, आयोजनाका कर्मचारी दीपक बुढा, अंगारेश्वर दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष गोविन्द प्रसाद नेपाल,नारायणी दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष इन्द्रमणी गौतम, संस्थाका सल्लाहकार लोकनाथ चौलागाँई, कृष्ण प्रसाद घिमिरे, लेखा संयोजक रंगनाथ अधिकारी, शेयर सदस्य राजकुमार बास्तोलालगायतले आयोजनाबाट किसानहरुले लाभ लिनु पर्नेमा जोड दिएका थिए ।

# दाह्री ग्याङ्बाट सहयोग

हेटौंडा/परोपकार युवा सञ्जाल नोपल र दाह्री ग्याङ हेटौंडाको सहकार्यमा शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ ।

शनिबार चितवन र त्ननगर-४ को राष्ट्रिय आधारभुत विद्यालय देबौलियामा शैक्षिक सामग्री हस्तान्तरण गरिएको हो । उक्त विद्यालयका ६४ जना विद्यार्थीहरुलाई स्कुल व्याग, कापी, कलम, पानी पिउने बोतल र खाजा खाने टिफिन बक्स हस्तान्तरण गरिएको परोपकार युवा सञ्जालका केन्द्रीय संयोजक रमेश सापकोटले जानकारी दिए ।

त्यस्तै चितवनकै कालिका नगरपालिकामा अवस्थित सिद्धि छात्राबासमा खाद्यान्न अभावको खबर सुनेपछि उक्त छात्राबासमा खाद्यान्न वितरण समेत गरिएको हो । उक्त छात्रबासमा ४० जना बालबालिका बस्दै आएका छन् । हेटौंडाका सामाजिक संस्थाहरुले पछिल्लो समय सहयोगमा टेवा पुऱ्याइरहेका छन् । संस्थाहरुको सक्रियतामा हेटौंडाका आश्रम, क्लब, विद्यालय र विपन्न वर्गहरुलाई विविध सामाग्री सहयोग भइरहेको छ ।

# मउवा संघद्वारा एसपी गुरुङको स्वागत



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा सरुवा भइ आएका जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङलाई मकवानपुर उद्योग बाणिज्य संघले आइतबार स्वागत गरेको छ ।

संघले आइतबार एक कार्यक्रम गरी एसपी गुरुङलाई स्वागत गरेको हो । संघका अध्यक्ष कृष्णकुमार गुप्ताले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा जिल्लाको बस्तुस्थिति, विगतमा जिल्ला प्रहरी कार्यालयसँग भएका सहकार्य, लागूपदार्थको नियन्त्रण, उद्योग/व्यवसाय क्षेत्रमा सुरक्षा, पार्किङ्ग व्यवस्थापन, ट्राफिक व्यवस्थापनको लागि हेभी गाडी बाइपासबाट प्रयोग र फुटपाथ व्यवस्थापनको बारे अध्यक्ष गुप्ताले एसपी गुरुङलाई स्वागतसँगै जानकारी गराए ।

कार्यक्रममा सल्लाहकार अशोक शाक्य, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष राजु अधिकारी, कार्यसमिति सदस्यहरु दिवस पराजुली, तेजराज अधिकारी लगायतले शुभकामना मन्तव्य गरेका थिए । एसपी गुरुङले आफ्नो कार्य अवधिमा उद्योग वाणिज्य संघसँग सहकार्य गरिने, उद्योग/व्यवसाय क्षेत्रको हितका साथसाथै विभिन्न सामाजिक गतिविधिहरुमा उद्योग वाणिज्य संघले काम गर्ने गरेको आफूले बुझेको, यातायात क्षेत्र र दुर्व्यसनी नियन्त्रणमा काम गर्न जरुरी रहेको बताए ।

प्रदेश सरकार
भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## प्रस्ताव आह्वानको सूचना

*(दोस्रो पटक प्रकाशित मिति: २०७८/०८/१३)*

आर्थिक बर्ष २०७८/०८९ को भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, मकवानपुरको स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रममा सहभागी हुन मिति २०७८/०७/०७ मा प्रथम पटक सूचना प्रकाशित गर्दा इच्छुक साझेदार संस्था (समुह/सहकारी/निजी) बाट आवश्यक प्रस्तावहरु दर्ता हुन नआएको हुँदा पुन: यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले तिस (३०) दिनभित्र कृषि,पशुपन्छी तथा मत्स्य सम्बन्धि जिल्लाबाट संचालित कार्यक्रम कार्यन्वय कार्यविधि,२०७६ (प्रथम संशोधन,२०७७) को अनुसुचि २ बमोजिम आवेदन पत्र, अनुसुचि ३ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र र अनुसुचि ४ बमोजिमको प्राविधिक तथा आर्थिक प्रस्ताव र अनुसुचि ७ को बुँदा नं (ख) ले मागेका कागजातहरु संलग्न गरी यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेस गरिने छैन ।

**तपशिल :-**

| क्र.स | क्रियाकलाप/कार्यक्रम | इकाई | प्रति इकाई अनुदान रु हजारमा | अनुदानको किसिम | साझेदार संस्था |
|---|---|---|---|---|---|
| १. | पशुपन्छी तथा मत्स्य पालनमा प्रयोग हुने यन्त्र उपकरण वितरण(अन्य) | पटक | प्रस्तावकको माग तथा स्वीकृत बजेट रकमको आधारमा प्रति इकाई दर निर्धारण गरिने छ । | लागतको ५० प्रतिशत नवढ्ने गरी | समुह/सहकारी/निजी |

**आवश्यक कागजातहरु :-**
१. रू. १० को हुलाक टिकट,
२. कृषक समूह/सहकारी/निजिक्षेत्रको दर्ता प्रमाणपत्र,
३. अन्य प्रमाणित पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि),
४. लिजमा लिएको जग्गाको हकमा ५ वर्षको करारनामा सहित द्विपक्षीय सम्झौता,
५. समूह/सहकारी भएको हकमा बैठक निर्णयको प्रतिलिपि,
६. स्थानीय तहको सिफारिस,
७. अनुसूची ३ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र र अनुसूची ४ बमोजिमको प्राबिधिक तथा आर्थिक प्रस्ताव पत्र।

**नोट:-** कार्यक्रम सम्बन्धि बिस्तृत विवरण यस कार्यालयको सूचना पाटि वा कार्यालयको सम्पर्क नं. ०५७-४१२८२८ वा वेबसाइट vhalecmak.bagmati.gov.np मा हेर्न सकिन्छ।

## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
पालुङ्ग, मकवानपुर

### २२ औं बार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको २२ औं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका बिषयमा छलफल तथा निर्णयकालागि बस्ने भएको हुँदा उक्त सभामा सम्पूर्ण शेयरधनी सदस्यज्यूको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

***सभाहुने मिति, समय र स्थान :-***
मिति : २०७८ सालमंसिर२५गते शनिवार
समय : विहान १० : ०० बजे
स्थान : संस्थाको प्राङ्गण था.न.पा. ४ थानाबजार

***छलफलका विषयहरु :-***
सामान्य प्रस्ताव
१. २२औं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिबेदन ।
२. आ.व. २०७७/०७८को लेखापरिक्षण प्रतिवेदन सहितको आर्थिक प्रतिवेदन ।
३. २२ औं वार्षिक साधारणसभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व. २०७८/०७९को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. आ.व. २०७८/०७९को लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. संस्था एकिकरण (गाभ्ने) सेवा केन्द्र थप सम्बन्धमा ।
७. शेयर लाभांश वितरण सम्बन्धमा ।
८. कोषहरु खर्चगर्ने सम्बन्धमा ।
९. साधारणसभाको निर्णय पुस्तिका सदर गर्ने सम्बन्धमा ।
१०. आन्तरीक कार्यविधि तथा नियमावलीहरु संसोधन तथा स्वीकृत सम्बन्धमा ।
११. विविध ।

**द्रष्टव्य :** साधारणसभामा तोकिएको समयमा उपस्थित हुन अनुरोध गर्दै सभामा आउँदा संस्थाले जारी गरेको परिचयपत्र ,शेयर प्रमाणपत्र वा यसै पत्र साथमा लिई आउनुहुन अनुरोध छ । साथै आफ्नो मोबाइल नं. संस्थालाई उपलब्ध गराई सहयोग गरिदिन समेत अनुरोध छ ।

भवदीय
(अरुण रायमाझी)
सचिव

## लाइसेन्स हराएको सूचना

मेरो निम्न व्यहोराको सवारी चालक अनुमति पत्र (लाइसेन्स) मिति २०७८ कार्तिक २५ गते हेटौंडाको राप्ती रोडबाट कान्तिराजपथ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**नाम:** बालकृष्ण पाण्डे
**लाइसेन्स नम्बर:** ०५-०५७८७३८
**सम्पर्क नम्बर:** ९८५५०१२२२५





## हार्दिक बधाई



सामुदायिक सेवा केन्द्र मकवानपुरको हालै सम्पन्न सातौं अधिवेशनबाट मेरा आदरणीय दाजु श्री **राम बिष्ट** ज्यू र अंकल श्री **महेश्वरमान श्रेष्ठ** ज्यू पुन: गरिमामय अध्यक्ष र सहसचिवमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँलगायत नवनिर्वाचित सम्पूर्ण पदाधिकारीहरुको कार्यकाल पूर्व सफलताको शुभकामना व्यक्त गर्दछु ।

**प्रबेश धिताल 'कुन्दन'**
हेटौंडा-४, मकवानपुर




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती,
फोन: ९८४१७७१६६४, ९८५५०३१६६४




**www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।**

*"तपाई, हामी सबैको कुरा"*

साझाकुरा

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल